# बिद्यालय सुधार समितीको सम्मेलनमा सार्वजनिक टिप्पणी

## बोल्नको लागि दर्ता गर्ने निर्देशन

नियमित वा बिशेष सम्मेलनमा बोल्नको लागि दर्ता गर्न, आमा बुवा, समुदाय र परिवार संलग्न कार्यालयलाई २१५ ४०० ४१८० मा सम्मेलनको दिन भन्दा एक दिन अगाडिको बेलुकाको ४:३० बजे सम्ममा संपर्क गर्नु होला।

- बिद्यालय सुधार समितीलाई सम्बोधन गर्ने प्रक्रिया यि हुन::
    - हरेक व्येक्ति आफ्नै नाममा दर्ता गर्नु पर्ने हुन्छ र अरुको नाममा दर्ता गर्न सक्ने छैन;
    - कुनै संगठनको प्रतिनिधि गर्ने व्येक्तिहरुले दर्ता गर्दा सो संगठनको प्रतिनिधिहो भनेर भन्नु पर्छ, एउटा सम्मेलनमा सो संगठनको एउटा भन्दा बढी प्रतिनिधि बोल्नको लागि दर्ता गर्न पाउने छैन;
    - हरेक व्येक्तिले आफ्नो नाम, ठेगाना, फोन नम्बर र बिद्यालय सुधार समितीलाई सम्बोधन गर्ने बिषय प्रदान गर्नु पर्छ;
    - सम्मेलनमा आउँदा सो व्येक्तिले आफ्नो टिप्पणीको सात वटा प्रतिलिपी लिएर आउनु पर्छ;
    - हरेक व्येक्तिले तिन मिनेट भन्दा बढी बोल्न पाउने छैन;
    - समस्याको एउटा पक्षमा ६ वटा भन्दा व्येक्तिहरुले बोल्न पाउने छैनन् तर लिखित रुपमा हरेक व्येक्तिले आफ्नो टिप्पणी प्रदन गर्न सक्ने छन् जुन बिद्यालय सुधार समितीले समिक्षा गर्ने छ;
    - कुनै बिद्यालय जिल्लाको कर्मचारीको प्रदर्सनी वा आचरण बारे टिप्पणी दिएको वा गुनासो गरेको खण्डमा सो व्येक्तिलाई नियम बिपरित बोलेको मानिन्छ र उनिहरुलाई उपयुक्त बिद्यालय जिल्लाको प्रशासक सँग कुरा गर्न निर्देशन गरिन्छ;
    - उपस्थित भएको वा नभएको अरु व्येक्तिको व्येक्तिगत् जीवनको बारे कुरा गरेको व्येक्तिलाई नियम बिपरित भएको भनेर मानिन्छ;
    - नराम्रो भाषा प्रयोग गरेको व्येक्तिलाई नियम बिपरित भएको मानिन्छ र सम्मेलनबाट बहिर जान अनुरोध गरिन्छ।

यस बाहेक, तपाईंले आफ्नो टिप्पणी बिद्यालय सुधार समितीलाई लिखित रुपमा हुलाक द्वारा वा अफैले बिद्यालय सुधार समितीको कार्यालय 440 North Broad Street, Suite 101, Philadelphia, PA 19130 मा बुझाउन सक्नु हुने छ।

**बोल्ने व्येक्तिको क्रममा भएको परिवर्तन:**

बिद्यालय सुधार समितीले दुई वटा सामान्य सिद्धान्त अनुसार नयाँ प्रक्रिया लागु गर्ने छ। पहिले, वक्ताहरुलाई एउटै बिषयको अनुसार समुह बनाउन महत्वपूर्ण हुन्छ जस्ले गर्दा आयुक्तहरुले हरेक बिषयमा राम्रो जानकारी प्राप्त गर्न सक्ने हुन्छन्। दोस्रो, यो आयोगले सम्मेलनमा नयाँ व्येक्तिहरु र नयाँ बिषयहरुको प्रोत्साहन गर्ने छ।

जनवरी २१,२०१६ देखी बिद्यालय सुधार समितीले सम्मेलनमा बोल्ने वक्ताहरुको क्रममा परिवर्तन लागु गर्नु छ

- विद्यार्थी वक्ताहरुलाई प्राथमिकता दिइने छ र उनिहरुले पहिल बोल्ने मौका पाउने छन्।
- अरु वक्ताहरु बिषयको अनुसार र बिषय दर्ता भएको अनुसार समुहमा राखिने छन्।
- अरु सम्मेलनहरुमा बोल्न नपाएका वक्ताहरुलाई बिषय समुहमा हुँदा प्राथमिकता दिइन्छ, त्येस पछी अरु सम्मेलनमा बोल्न सकेका व्येक्तिहरुलाई बोल्ने मौका प्रदान गरिन्छ।
- संकल्पको बारे बोल्ने व्येक्तिहरुलाई प्राथमिकता दिइने छैन किन भने सब्बै वक्ताहरुलाई संकल्पको बारे मतदान दिनु भन्दा अगाडि बोल्ने मौका प्रदान गरिएको हुन्छ। यि वक्ताहरुलाई बिषयको आधारमा र दर्ता गरिएको समयको आधारमा अरु वक्ताहरुको समुहमा राखिन्छ।